# डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेड

**नारायणगढ, चितवन**
**फोन नं. : ०५६५२७९००, फ्याक्स ०५६५२३०५६**

लेखा परीक्षण नभएको वित्तीय नतिजा
आर्थिक वर्ष २०७४।०७५ को प्रथम त्रैमासको वित्तीय विवरण

| क्र.सं. | पुंजी तथा दायित्व | यस त्रैमास २०७४ आश्विन | गत त्रैमास २०७४ आषाढ | गत आ.व. २०७३ आश्विन |
|---|---|---|---|---|
| १ | **कूल पुंजी तथा दायित्व** | **६,५२४,८४४,५७५।८७** | **६,०६४,२२४,४०८।७५** | **४,८७८,१६६,२७४।३८** |
| १.१ | चुक्ता पुंजी | ६०६,१२१,०३५।७५ | ६०६,१२१,०३५।७५ | २५७,९२३,८४५।०० |
| १.२ | जगेडा तथा कोषहरू | ६५४,८५६,२१३।४१ | ४५१,९८५,७०२।१५ | ५१२,८६२,६४९।९० |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | सापटी | ३,२३१,१५०,०७५।७९ | ३,०७२,२२०,७९७।२६ | २,६५८,१९१,६८७।१३ |
| १.५ | निक्षेप दायित्व | *१,८०९,४४१,११७।००* | *१,६७३,६२६,८७९।००* | *१,२६५,६२५,३००।००* |
| १.५.१ | समुहगत | १,८०९,४४१,११७।०० | १,६७३,६२६,८७९।०० | १,२६५,६२५,३००।०० |
| १.५.२ | सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | २३,२०५,२९५।०० | - | २९,७२०,१९१।०० |
| १.७ | अन्य दायित्व | २००,०७०,८३८।९२ | २६०,२६९,९९४।५९ | १५३,८४२,६०१।३५ |
| २. | **कूल सम्पत्ति** | **६,५२४,८४४,५७५।८७** | **६,०६४,२२४,४०८।७५** | **४,८७८,१६६,२७४।३८** |
| २.१ | नगद तथा बैंक मौज्दात | ३२१,९९०,२८०।१२ | ४१२,९५९,९९८।७५ | ३२०,४८७,८५१।१८ |
| २.२ | माग तथा अल्पसूचनामा प्राप्त हुने | - | - | - |
| २.३ | लगानी | २,०१०,०००।०० | २,०१०,०००।०० | २,०१०,०००।०० |
| २.४ | कर्जा तथा सापट | ५,८९०,०४३,३२५।०० | ५,४४७,८४६,५४०।०० | ४,३०५,३८०,६३७।०० |
| २.५ | स्थिर सम्पत्ति | २२,८३२,६५६।६४ | २३,८७४,२०९।८६ | १९,३९२,३६३।५२ |
| २.६ | गैर बैंकिङ सम्पत्ति | - | - | - |
| २.७ | अन्य सम्पत्ति | २८७,९६८,३१४।११ | १७७,५३३,६६०।१४ | २३०,८९५,४२२।६८ |
| ३ | **नाफा नोक्सान हिसाव** | **यस त्रैमास २०७४ आश्विन** | **गत त्रैमास २०७४ आषाढ** | **गत आ.व. २०७३ आश्विन** |
| ३.१ | व्याज आम्दानी | २५९,४८०,१२२।३६ | ८९१,६४७,५६०।१० | २०१,८६६,३८६।५६ |
| ३.२ | व्याज खर्च | १११,११७,४३४।५७ | २८६,१८५,७६२।०१ | ४९,७७०,४९८।८७ |
| क. | **खूद ब्याज आम्दानी** | **१४८,३६२,६८७।७९** | **६०५,४६१,७९८।०९** | **१५२,०९५,८८७।६९** |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | - | - | - |
| ३.४ | अन्य सञ्चालन आम्दानी | २३,६४८,०९०।५४ | ७९,९५०,१४४।५९ | १८,४५१,२९३।६६ |
| ख | **कूल सञ्चालन आम्दानी** | **१७२,०१०,७७८।३३** | **६८५,४११,९४२।६८** | **१७०,५४७,१८१।३५** |
| ३.५ | कर्मचारी खर्च | ६६,९२०,२५१।५१ | १८४,९१९,७२७।३३ | ४५,७४८,७०३।०४ |
| ३.६ | अन्य सञ्चालन खर्च | १४,८४९,४९१।८४ | ६३,०३४,७७२।४७ | १२,००७,६७१।७८ |
| ग | **नोक्सानी व्यवस्था अधिको सञ्चालन नाफा** | **९०,२४१,०३४।९८** | **४३७,४५७,४४२।८८** | **११२,७९०,८०६।५३** |
| ३.७ | सम्भावित नोसानी व्यवस्था | २०,५८०,८७९।०० | ८५,१८८,८८७।०० | २२,९३१,१५५।०० |
| घ | **सञ्चालन नाफा** | **६९,६६०,१५५।९८** | **३५२,२६८,५५५।८८** | **८९,८५९,६५१।५३** |
| ३.८ | गैर सञ्चालन आम्दानी/ खर्च (खुद) | - | १,१५२,४५१।०० | - |
| ३.९ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १५,४१३,९०८।०० | ६१,८९३,७६९।०० | १९,१०८,५०३।०० |
| ङ | **नियमित कृयाकलापबाट नाफा** | **८५,०७४,०६३।९८** | **४१३,००९,८७३।८८** | **१०८,९६८,१५४।५३** |
| ३.१० | असामान्यकारोवारबाट आम्दानी/खर्च(खूद) | १२,०१९।०० | १२६,७९५।०० | ५,८७८।०० |
| च | **बोनस र कर अधिको नाफा** | **८५,०८६,०८२।९८** | **४१३,१३६,६६८।८८** | **१०८,९७४,०३२।५३** |
| ३.११ | कर्मचारी बोनस व्यवस्था | ७,७३५,०९८।०० | ३७,५५७,८७९।०० | ९,९०६,७३०।०० |
| ३.१२ | आयकर व्यवस्था | २३,२०५,२९५।०० | ११२,६७३,६३७।०० | २९,७२०,१९१।०० |
| छ | **खूद नाफा/नोक्सान** | **५४,१४५,६८९।९८** | **२६२,९०५,१५२।८८** | **६९,३४७,१११।५३** |
| ४ | **अनुपातहरू** | **यस त्रैमास २०७४ आश्विन** | **गत त्रैमास २०७४ आषाढ** | **गत आ.व. २०७३ आश्विन** |
| ४.१ | पुंजीकोष / जोखिम भारित सम्पत्ति | २१।०२ | १९।१४ | १७।३७ |
| ४.२ | निष्कृय कर्जा/ कूल कर्जा | ०।५८ | ०।७२ | ०।७४ |
| ४.३ | नोसानी व्यवस्था/कूल निष्कृय कर्जा | २५६।७९ | २०९।८३ | २०१।५५ |
| ४.५ | पुंजीको लागत | ९।४५ | ९।०८ | ५।३७ |
| ४.६ | निक्षेप कर्जा अनुपात | ३०।२७ | ३०।२६ | २८।९६ |

नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखा परिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उपविनियम (१)संग सम्बन्धित अनुसुची १४ बमोजिमको**
**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको आ.व. २०७४/०७५ को प्रथम त्रैमासिक बिवरण**

**१. प्रमुख वित्तीय बिवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी बिवरण** यस बैंकको वासलात, नाफा-नोक्सान सम्वन्धि बिवरण यसैसाथ प्रकाशित गरिएको छ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छ ।**

| | |
|---|---|
| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | ३५।७२ |
| प्रति शेयर बजार मूल्य | १,२३०।०० |
| मुल्य आम्दानी अनुपात | ३४।४३ |

| | |
|---|---|
| प्रति शेयर खुद कितावी मुल्य | २०८।०४ |
| प्रति शेयर कुल सम्पतिको मुल्य | १,०७६।४९ |
| तरलता अनुपात | ६।३९ |

**२. व्यवस्थापकीय बिश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः** बैंकको व्यवसायिक योजना तथा लक्ष्य अनुरूप प्रगति सन्तोषजनक रहेता पनि अघिल्लो आ.व. सोही अवधिको तुलनामा यस अवधिमा कर्जाको ब्याजदरमा भएको संकुचन तथा कोष लागत दरमा भएको बृद्धिले खुद ब्याज आम्दानी घट्न गएको छ । जसको असरको कारण समग्रमा गत आ.व. को सोही अवधिमा भएको खुद नाफाको तुलनामा समिक्षा अवधिको खुद नाफामा कमी हुन गएको छ । बैंकको तरलताको अवस्था उपयुक्त रहेको छ ।

**ख. आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक बिवरण :** राष्ट्रियस्तरको यस लघुवित्त विकास बैंकले हाल सम्म ६३ जिल्लामा ९८ शाखामार्फत लघुवित्त सेवाप्रदान गरिरहेको र आगामि दिनहरूमा लघुवित्त सेवा नपुगेका क्षेत्र तथा जिल्लाहरूलाई प्राथमिकतामा राखी थप ६ वटा नयाँ शाखाहरू खोली सो मार्फत लघुवित्त सेवाहरू उपलब्ध गराईने योजना रहेको छ। बैंकलाई वित्तीय स्रोतमा आत्मनिर्भर बनाउन सदस्यहरूबाट अधिकतम वचत परिचालन गर्न उपयुक्त रणनीति बनाई लागु गरिएको छ। बैंकद्वारा प्रदान गरिने सेवाहरूलाई विविधिकरण गर्दै सम्बन्धित सेवाप्रदायकहरूसंगको सहकार्यमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विप्रेशण सेवा तथा वीमा सम्वन्धि सेवाहरू संचालन गरिनेछन् । दातृ निकाय र अन्य संघ संस्थाहरूको सहयोग तथा सहकार्यमा यस बैंकसंग आवद्ध सदस्यहरूको व्यवसायिक क्षमतामा अभिबृद्धि गर्ने र कर्मचारीहरूको कार्यकुशलतामा सुधार ल्याई उत्पादकत्वमा बृद्धि गर्ने कार्यलाई निरन्तरता दिईने छ। यस त्रैमासको अन्त्य सम्ममा बैंकले हासिल गरेको लक्ष्य तथा प्रगती विवरण निम्नानुसार रहेको छ ।

| बिबरण | यस आ.व.२०७४।०७५ | |
|---|---|---|
| | वार्षिक लक्ष्य | यस त्रैमास सम्मको प्रगती |
| कुल सदस्य संख्या | १,६७,३२४ | १,३७,९५० |
| लगानीमा रहेको कर्जा (रू.हजारमा) | ७,८२,३७,४३ | ५,९७,८६,०२ |
| कुल बचत तथा निक्षेप (रू.हजारमा) | २,७९,२३,५९ | १,८०,९४,४१ |

**ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरण :** लघुवित्त संस्थाहरूलाई प्रदान गरिने थोक कर्जाको आधार दरमा प्रिमियम जोडी कायम गरिएको ब्याजदरको कारण कोष लागत दरमा भएको अत्यधिक बृद्धि र कर्जाको ब्याजदरमा राष्ट्र बैंकको निर्देशन अनुरूप भएको संकुचनले संस्थाको मुनाफामा दोहोरो असर परेको छ । बाह्य वित्तीय श्रोतको पहुँचमा संकुचन ,लघुवित्त संस्थाहरूमा देखिएको कर्जा दोहोरोपना, र सोको उपयोगितामा देखिएका त्रुटिहरू आदिका कारणहरूले प्रक्षेपित आम्दानीमा संकुचन हुन गई बैंकलाई असर गर्न सक्नेछ, तथापी बैंकले तय गरेको कार्यनीतिका आधारमा बैंक व्यवस्थापनले उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गर्न सकेका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन ।

**३. कानुनी कारवाही सम्वन्धि बिवरण :**यस त्रैमाससम्ममा यस बैंक तथा यसका सञ्चालकहरू माथि कानुनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको जानकारी छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषण :**

**क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणाः** यस बैंकको शेयर कारोवारमा समय समयमा उतार चढाव देखिए तापनि धितोपत्रबजारमा शेयरको कारोवार सन्तोषजनक रहेको छ। बजारमा हुने शेयरको कारोवार तथा मुल्य बजारले स्वतन्त्र रूपमा निर्धारण गरेको छ, यसमा व्यवस्थापनको कुनै भूमिका रहेको छैन।

**ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिममूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिकअवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिममूल्य, कारोवार भएको कुलदिन र कारोवार संख्या निम्नबमोजिम छ । ( नेपाल स्टक एक्सचेन्जको वेभसाईटमाआधारित)

| अधिकतम मूल्य : | न्युनतम मूल्य : | अन्तिम मूल्य : | कारोवार भएको कुलदिन | कारोवार संख्या | शेयर संख्या |
|---|---|---|---|---|---|
| रू.१,५५०।०० | रू.१,१८०।०० | रू.१,२३०।०० | ५० | २,४९४ | ३,८२,०५३ |

**५. समस्या र चुनौती :**

**क.** संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तारले हुने अस्वस्थ प्रतिस्पर्धा,
**ख.** स्वदेशी बजारमा लगानीको लागि आवश्यक श्रोतको संकुचन,
**ग.** कोष लागतका साथै संचालन खर्चमा हुने बृद्धि,
**घ.** दुर्गम क्षेत्रमा अत्यावश्यक पुर्वाधारको अभावमा गर्नु पर्ने शाखा विस्तार ,
**ङ** अप्रत्यासित रूपमा सृजना हुन सक्ने प्रतिकुल अवस्था,
**च.** नवीनतम प्रविधिको अभाव,
छ. वित्तीय सेवाहरूको बैज्ञानिक ढंगले विविधिकरण गर्न नसक्नु।

**६. संस्थागत सुशासनः** बैंकको संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति कर्मचारी सेवा सुबिधा समिति, पदपुर्ति समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समितिमार्फत ब्यावसायिक योजना तथा कार्यक्रमको नीति तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन हुदै आईरहेको छ । बैंकका सञ्चालक र कर्मचारीहरू नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको संस्थागत सुशासन सम्वन्धि निर्देशनहरू पालना गर्न सदैव प्रतिवद्ध रही कार्य गरिरहेका छन् ।

**७. सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजको मितिसम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्बन्धमा म ब्याक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण भएको साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।